# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १० ] काठमाडौं, चैत्र २१ गते २०१७ साल [संख्या ४८

श्री ५ को सरकार

अर्थ आर्थिक कार्य विषय मन्त्रालय

"श्री ५ को सरकारले जारी गरेको तल लेखिए बमोजिम आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।"

तथ्यांक ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आदेशहरू जारी गरेकोछ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी आदेशहरूको नाम तथ्यांक (जनसंख्या) आदेशहरू, २०१७ रहेको छ।

(२) यी आदेशहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२, परिभाषाः- (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी आदेशहरूमाः–

(क) 'ऐन' भन्नाले तथ्यांक ऐन, २०१५ संझनु पर्छ।

(ख) 'विभाग' भन्नाले श्री ५ को सरकारबाट खडा गरिएको केन्द्रीय तथ्यांक विभाग सम्झनु पर्छ।

(२) यी आदेशहरूमा प्रयोग गरिएका तर परिभाषा नगरिएका शब्द तथा वाक्यांशहरूको अर्थ ऐनमा दिइए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. जनसंख्या संबन्धी तथ्यांक संकलन गर्नेः– (१) यी आदेशहरू प्रारम्भ भएपछि विभागका डाइरेक्टर वा निजको अधिकार क्षेत्र भित्र रही काम गर्ने अफिसरहरूले नेपाल अधिराज्यभर प्रत्येक व्यक्ति परिवार र घर संबन्धी अनुसूचीमा दिइएका कुराहरूको लगत संकलन गर्नुपर्छ ।

(२) निम्नलिखित व्यक्तिहरू मातहतका वासिन्दा वा कामदारहरूको संबन्धमा उपदफा (१) बमोजिम लगत संकलन गर्ने काममा अधिकार प्राप्त अफिसरले मागेको बखत आवश्यक मद्दत दिनु निम्नलिखित व्यक्तिहरूको कर्तव्य हुनेछः—

(क) सैनिक, पुलिस, हवाइ–कमाण्डर,

(ख) राज्य, मानाचामल, गुठी बिर्तासमेत गैन्हको रजौटा बिर्तावार आदि ।

(ग) सार्वजनिक संस्था (अनाथालय, पागलखाना, कोरीखाना, धार्मिक मठ) आदिका हाकिम मेनेजर, महन्त आदि ।

(घ) अर्ध सरकारी व्यक्ति (थरी, मुखिया, जिम्मावाल, जिमीदार, पटवारी आदि )

(ङ) गाउँ पञ्चायत,

(च) होटेल, (खाने, बस्ने दुवै सुविधा भएको ) बोर्डिङ्ग, व्यारेक, मजदूर वस्ती र मील कारखाना आदिका मेनेजर, हाकिम आदि ।

४. इलाका तोक्ने अधिकारः– आदेश ३ बमोजिम जनसंख्या संबन्धी तथ्यांक संकलन गर्ने कामको निमित्त डाइरेक्टरले विभागका प्रत्येक अफिसरलाई निजले जनसंख्या संबन्धी तथ्यांक संकलन गर्ने इलाका तोकिदिन सक्ने छ ।

५. जनसंख्या संबन्धी तथ्यांकको नक्कल दिने र त्यसको प्रकाशनः–(१) कुनै जिल्ला वा थूमको व्यक्तिगत बाहेक सामूहिक जनसंख्या संबन्धी तथ्यांक कुनै सरकारी वा अर्ध सरकारी संस्था वा अनुसन्धानको काम गर्ने व्यक्तिले मागेमा डाइरेक्टरले त्यस्तो व्यक्तिसंग मूल्य लिई प्रतिलिपि दिन वा श्री ५–को सरकारले तोकिदिए बमोजिमको नक्कल सार्ने दस्तूर लिई नक्कल गरी दिन सक्नेछ ।

(२) जनसंख्या संबन्धी तथ्यांकको सामूहिक लगतको डाइरेक्टरले उपयुक्त ठहराए जति प्रतिलिपि तयार गराउन र प्रकाशनमा ल्याउन सक्ने छ ।

६. विभागले सम्पर्क राख्नेः– विभागले श्री ५ को सरकारको सबै मन्त्रालय, विभाग, अड्डाहरूसँग जनसंख्या संबन्धी तथ्यांक बारे कुनै कुरामा सोझै लेखा पढी गर्न र आवश्यकतानुसार सहयोगसमेत माग्न सक्ने छ र त्यसरी मागेमा आवश्यक सहयोग दिनु ती मन्त्रालय, विभाग र अड्डाहरूको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. सवारीको सुविधाः— जनसंख्या सम्बन्धी तथ्यांक संकलन गर्न काममा विभागको कुनै अफिसर एक जिल्लाबाट अर्को जिल्लामा जानुपरेमा उक्त ठाउँको लागि उपयुक्त सवारी उपलब्ध गराइदिनु वा त्यसको लागि आवश्यक प्रबन्ध गरिदिनु जिल्लाको गोस्वारा, तथा अरू अड्डाहरूको कर्तव्य हुनेछ ।

८. सुरक्षाको प्रबन्ध — जनसंख्या सम्बन्धी तथ्यांक संकलन गर्ने काममा नियुक्त भएका अफिसरले आफ्नो काममा जाँदा आफ्नो जीउ ज्यानको सुरक्षाकोनिमित्त आवश्यक परेमा स्थानीय पुलिस अधिकारी वा बडाहाकिम वा मेजिष्ट्रेटबाट मद्दत माग्न सक्ने छ र त्यसरी मागेका बखत आवश्यक मद्दत दिनु पुलिस अधिकारी वा बडाहाकिम वा मेजिष्ट्रेटको कर्तव्य हुनछ ।

९. भडकाउनेलाई कारवाइ गर्नेः— यी आदेशहरू बमोजिम लगत संकलन गर्ने काममा सहयोग गर्न भडकाउने वा हूल हुज्जत गराई बाधा पुऱ्याउने व्यक्तिहरूलाई आफूले थाहा पाउना-साथ ऐन बमोजिम तुरुन्त कारवाइ गरी लगत संकलन गर्ने काम सम्पन्न गराउन अनुकूल परिस्थिति सिर्जना गर्ने गराउने कर्तव्य स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटको हुनेछ ।

## अनुसूची

(जनगणना हुनु अगावै घर र परिवारको लगत गर्न सोधिने प्रश्नहरू)

१. घरधुरी (सिंगो घर) को संख्या
२. घरको खण्ड छ छैन भए, त्यसको संख्या
३. परिवारको संख्या
४. परिवारको मुख्यको नाम, जात र उमेर
५. परिवारको व्यक्तिहरू घरैमा भएका र घर छाडी अन्यत्र गएकाहरूको जम्मा संख्या
६. परिवारका व्यक्ति मध्ये एक वर्ष भित्र जन्मेकाको संख्या
७. मरेकाको संख्या र उमेर
८. परिवारले जग्गा कमोद वा पशुपालन गरेको छ कि ?

तर शहरी क्षेत्र (कमाठमाडौं, ललितपुर, भक्तपुर, वीरगञ्ज, नेपालगञ्ज, विराटनगर) उपर्युक्त किसिमको लगतको अतिरिक्त घरसंख्यासमेत गरिनेछ ।सो गर्दा माथि लेखिएको अतिरिक्त तल लेखिएका प्रश्नहरू पनि सोधिनेछन् ।

(क) घर वा घरको खण्डको प्रयोग
(ख) परिवारको किसिम

## घर संख्यामा समावेश हुने प्रश्नहरू

१. घरमा मानिस कसरी बसेको व्यक्तिगत बसोबास गर्ने, सामूहिक, वा बस्न भनी नबनाएको तर, हाल बसेको
२, घरको किसिम—अलग छुट्टै, जोडिएको, खण्ड पारेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. चलन–चलन भएको, रित्तो, नयाँ बन्न लागेको
४. चलन भएको वा हुन सक्ने जम्मा कोठा
५. उपभोग–निजी, भोगबन्धक, बहाल वा अन्य
६. बहालमा लिएको भएबहालको मासिक दर ने.रू.
७, कलधारा घर भित्र वा बाहिर छ छैन
८. शौचालय (चर्पी) घरै भित्र वा बाहिर छ छैन
९. बिजुली जडान छ छैन

(जनगणनामा सबै व्यक्तिलाई व्यक्तिगत तवरले सोधिने प्रश्नहरू)

१. नाम जात
२. मूलीसंगको नाता
३. मर्द वा जनाना
४, पूरा पुगेको उमेर
५. धर्म
६. मातृभाषा
७. जन्मस्थल
८. नागरिकता
९, लेखपढ जानेको छ कि
१०, पूरा गरेको शिक्षा
११, विवाह संबन्ध–विवाह न भएको, भएको, पाचुके, अर्धो, विधवा
१२. मातृत्व (विवाह भइसकेको जनानालाई मात्र सोधिने) जिउंदै पाएको (जन्माएको) बालकको संख्या
१३. आमदानी हुने कुनै काम छ कि ?
१४. छैन भने कारण आमदानी हुने काम भए
१५. पेशा
१३. व्यवसाय
१७. कार्य गर्दाको तह–अरूलाई काम लगाउने, निजी, अरूको कार्य गर्ने, परिवारको काम सघाउने मध्ये के हो ?

आज्ञाले–
यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ आर्थिक कार्य विषय मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।